| | |
|---|---|
| बैठकको उद्देश्य: | प्राधिकरण/एचआरआरपी समन्वय बैठक, काभ्रेपलाञ्चोक |
| बैठक मिति:: | २०७४ पौष ३ गते |
| बैठक समय: | ११:३० देखि ३:३० बजे सम्म |
| बैठक स्थान: | प्राधिकरणको हल, धुलिखेल, काभ्रे |
| बैठक सहजकर्ता: | रेश्मा श्रेष्ठ |
| माईनुट लिने अधिकारी: | रेश्मा श्रेष्ठ |
| | |

**छलफल:**

**प्राधिकरण अपडेट**

- प्राधिकरणले साझेदार संस्थाहरुको पुनर्निर्माणका क्रियाकलापहरुको अनुगमन गरिरहेको छ र साथसाथै २ वटा गाउँपालिका/नगरपालिका स्तरको बैठक पनि संचालन गरेको छ। महाभारत र खानिखोला गाउँपालिकामा बैठक गर्न बाँकी छ।
- फिल्ड भ्रमणका क्रममा काभ्रेका फलाटे -७ का २४ घरधुरीहरु, कोलातेभुम्लु-६ का २९ घरधुरीहरु र सापिङ्ग -१ का १८ घरधुरीहरु जोखिमयुक्त वस्तीमा रहेका र उक्त ३ वस्तीका लागि सहयोग विस्तारका सम्भावनाहरुको खोजि गर्न साझेदार संस्थाहरुलाई अनुरोध गरियो।

**DCC अपडेट**

- लक्षित ५९ क्षेत्र मध्ये ४८ वटा गाउँपालिका/नगरपालिकालाई खुला दिशामुक्त क्षेत्र घोषणा भई "खुल्ला दिशामुक्त क्षेत्र" परियोजना अन्तर्गत ८३-८४ प्रतिशत प्रगति हासिल गरिएको छ। ११ वटा क्षेत्र घोषणा हुने क्रममा छन जहाँ १३,००० शौचालयहरु निर्माण हुन बाँकी छन्। महाभारत गाउँपालिका र खानिखोला गाउँपालिकामा जनचेतना बढाउन सबैभन्दा गाह्रो भएको छ।
- सबै साझेदार संस्थाहरुलाई आफ्नो कार्यक्षेत्रमा सरसफाई बारेमा जनचेतना जगाउन र शौचालय निर्माणलाई प्राथमिकतामा राख्न अनुरोध गरियो। जिल्ला समन्वय समितिको कार्यालयलाई जनचेतना अभियानका लागि मानव स्रोतको सहयोग चाहेको खण्डमा उपलब्ध गराउन साझेदार संस्थालाई आग्रह गरियो।

**DLPIU को त्रैमासिक प्रगति अपडेट**

MOFALD/DTO/DLPIU अपडेट : (स्लाइडका लागि यहाँ क्लिक गर्नुहोस)

- जिल्लामा ६५,७७३ लाभग्राहीहरुले पहिलो किस्ता, ९,३१४ ले दोस्रो किस्ता र २,९०५ लाभग्राहीहरुले तेस्रो किस्ता प्राप्त गरेका छन्।
- EMRP परियोजना अन्तर्गत १०८ वटा गुम्बाहरुको पुनर्निर्माण र मर्मतका लागि छानिएका छन्।
- EEAP परियोजना अन्तर्गत २ वटा सडक खण्ड कुन्ताबेसी-नयाँगाउ-नगरकोट र खोपासी-धुनखर्क-च्यामरागंबेशी-मिल्चेबोरागं निर्माणाधिन अवस्थामा छन्।

**DUDBC/DLPIU अपडेट :** (स्लाइडका लागि यहाँ क्लिक गर्नुहोस्)

- जिल्लाका लागि २५२ प्राविधिकहरु परिचालन भएका छन्।
- यस आर्थिक वर्षको ४ महिनाको अवधिमा ३,७८२ फाइलहरु दोस्रो किस्ताका लागि र २,६५५ फाइल तेस्रो किस्ताका लागि MoFALD/DLPIU मा पठाइएको छ।

**DoE/DLPIU अपडेट :** (स्लाइडका लागि यहाँ क्लिक गर्नुहोस)

- आर्थिक वर्ष ०७३/७४मा १४ वटा विद्यालयका ४३ वटा कक्षा कोठाहरु निर्माण भएका छन् भने ५४ वटा बिद्यालयहरु निर्माणाधिन अवस्थामा छन् र ७१ वटा विद्यालयका २५३ कक्षाकोठाहरु आर्थिक वर्ष ०७४/७५मा निर्माण गरिनेछन्।

**साझेदार संस्थाहरुको त्रैमासिक प्रगति अपडेट**

**HELVETAS :** (स्लाइडका लागि यहाँ क्लिक गर्नुहोस)

- १७२ वटा डकर्मी तालिम कार्यक्रमका अवधिमा १,७२० डकर्मीहरुलाई तालिम प्रदान गरिएको छ र ३० वटा गा.वि.स.का ३४४ घरहरुको निर्माण काम सम्पन्न भएको छ। सम्पूर्ण तालिम अवधिमा करिब २५ प्रतिशत महिला सहभागिताको उपलब्धि हासिल भएको छ।
- कार्यान्वयन गर्ने संस्थालाई ४ किस्तामा भुक्तानी गर्ने पद्धतिले (सम्झौताका बेलामा दिइने, तालिम पश्चात दिइने, तालिम सकिएको ३ महिना पछि दिइने, तालिम सकिएको ६ महिना पछि दिइने) गर्दा तालिम प्राप्त डकर्मीहरुको पुनर्निर्माण काममा निरन्तरता दिनलाई सहयोग पुगेको छ।
- तालिम प्राप्त डकर्मीहरुले तालिम पश्चात ६ महिना सम्म रु ९,७०० प्रति महिना आम्दानी गर्नुपर्ने हुन्छ।


©2017 HRRP | All Rights Reserved

**Habitat for Humanity/ ASF :** (स्लाइडका लागि यहाँ क्लिक गर्नुहोस)

- पाँचखाल नगरपालिकाको ५ वटा वडामा पुनर्निर्माणका ५ वटा विषयगत क्षेत्रमा (सामाजिक परिचालन, प्राविधिक सहायता, सहायता र बजार बिकास) काम गरिरहेको छ ।
- ३७ वटा अति विपन्न घरधुरीहरुका लागि बहुआयामिक माध्यमद्वारा (अनुदान सहायता, जोखिम परिवारलाई भनेर दिइने थप सहायता, GI Kit सहायता र श्रम सहायता) इन्टरलिङ्किक ब्लकको (CSEB) घर बनाउन सहायता गरिएको छ । शुरुमा १२० घरधुरीहरुलाई प्रबलीकरण सहायता गर्ने भनेर योजना गरिएको तर सो कार्यक्रम कार्यक्षेत्रमा व्यवहारिक नदेखिएकोले सो रकम पनि उल्लेखित ३७ घरधुरीहरुका लागि सहायता उपलब्ध गरिने भएको छ ।
- पुनर्निर्माण सहायतालाई नयाँ क्षेत्रमा (पाँचखाल नगरपालिकाको बालुवा) पुनरावृति गर्नका लागि यही २९ मंसिरमा प्राधिकरणसँग त्रिपक्षीय सम्झौता गरिएको छ । सो कार्यक्रमको उदघाटन यही पौष ७ गते प्राविधिकरणका कार्यकारी प्रमुखबाट हुन गइरहेको छ ।
- तालिमको माध्यमबाट इन्टरलिङ्किक (CSEB) ब्लक निर्माणका लागि उद्यम विकास गर्दै उक्त मेसिनहरु समुदायलाई हस्तान्तरण गरिने योजना रहेको छ । उक्त ब्लक निर्माणका लागि ५ प्रतिशत सिमेन्ट र ९५ प्रतिशत बालुवा/माटोको प्रयोग हुन्छ भने माटोको मिश्रणको अनुपात १:३:३ (सिमेन्ट:बालुवा:माटो) हुनुपर्दछ ।
- CSEB को प्रस्तावित नमूना DUDBC मा पठाईएको र सो कार्यालयबाट प्राप्त सुझावहरुलाई समाविष्ट गर्दै पुन:स्वीकृतीका लागि पठाईएको छ ।

**Samaritan's Purse:** (स्लाइडका लागि यहाँ क्लिक गर्नुहोस)

- ५वटा विषयगत क्षेत्रमा काम गर्दै आईरहेको छ । राइलेभिर र मेथिनकोटमा Earth-bag घर, नमूना घर, खानेपानी तथा सरसफाई, जिविकोपार्जन र विपद जोखिम न्यूनिकरणका क्षेत्रमा काम गर्दै आईरहेको छ ।
- ४१७ Earth-bag घरहरुको निर्माण सम्पन्न, ६ नमूना घरहरुको निर्माण सम्पन्न,४५८ घरधुरीहरुलाई पानीको योजनामा सहजीकरण गरिएको र ६५० घरधुरीहरुलाई जिविकोपार्जन क्रियाकलाप मार्फत सहयोग गरिएको छ ।

**Rotary:** (स्लाइडका लागि यहाँ क्लिक गर्नुहोस)

- महादेवस्थानको रायोबारीका ६९ घरहरुको निर्माण सम्पन्न ।
- २ वटा विद्यालय परियोजना, विद्यालयमा पानी प्रसोधन परियोजना रायोबारीमा बायोग्यास प्लान्ट, र पाँचखालमा सामदायिक भवन निर्माण कामहरु भईरहेका छन् ।

**Handicap International:** (स्लाइडका लागि यहाँ क्लिक गर्नुहोस)

- ३ वटा गा.वि.स.(सिमथली, सापिङ्ग र भुम्लुटार)मा यहि पौषको मध्यसम्मका लागि विभिन्न जिविकोपार्जन क्रियाकलापहरुमा काम गरिरहेको छ ।

**Caritas Nepal:** (स्लाइडका लागि यहाँ क्लिक गर्नुहोस)

- चाँदनीमन्डनमा ६९३ घरधुरीहरुले र बालथलीमा २७७ घरधुरीहरुले निर्माण सुरु गरेका छन् । निर्माण काम सुरु नगरेका घरधुरीहरुलाई वडा कार्यालयको समन्वयमा निर्माण काम सुरु गर्ने अनुमानित मिति र सुरु नगर्नुका कारणहरु जान्ने अभिप्रायले सबैलाई पत्र पठाइएको छ ।
- बालथलीमा ५१६ लाभग्राहीहरुले प्रथम किस्ता, १९० जनाले दोस्रो किस्ता र १११ जनाले तेस्रो किस्ता प्राप्त गरेका छन् भने २७७ घरहरुले पुनर्निर्माण कामको प्रारम्भ गरेका छन् ।
- चादनीमण्डनका १,०३२ लाभग्राहीहरुले प्रथम किस्ता, ४१० जनाले दोस्रो किस्ता र २२० जनाले तेस्रो किस्ता प्राप्त गरेका छन् भने ६९३ घरहरुले पुनर्निर्माण कामको प्रारम्भ गरेका छन् ।

**Arsow Nepal:** (स्लाइडका लागि यहाँ क्लिक गर्नुहोस)

- १,३१६ घरधुरीहरु पहिरो न्यूनीकरण कार्यबाट लाभान्वित भएका छन् ,४७९ घरधुरीहरु १५ वटा पानीको योजनाबाट लाभान्वित भएका छन् ।
- महाङ्कालचौर, च्यासिगंखर्क, चलालगणेशथान र च्यामरागंबेशी गरि ४ वटा नमूना घरहरु निर्माणाधिन अवस्थामा छन् । उक्त नमूना घरहरु निर्माण पश्चात वडा कार्यालयहरुलाई हस्तान्तरण गरिनेछन् ।
- ७ दिनको डकर्मी तालिमबाट ११९ डकर्मीहरु प्रशिक्षित भएका छन् भने ६० डकर्मीहरु ५० दिनेकार्यगत तालिमबाट (On the job training) प्रशिक्षित भएका छन् ।

**Love Green Nepal:** (स्लाइडका लागि यहाँ क्लिक गर्नुहोस)

- ४वटा विषयगत क्षेत्रमा (बातावरण संरक्षण, दिगो कृषि, शिक्षा र साना सामुदायिक पूर्वाधार) काम गर्दै आईरहेको छ ।
- ३५ विद्यालयका ३९वटा भवन, २१३ वटा कक्षाकोठा र १८ वटा शौचालयहरु निर्माण सम्पन्न भएका छन् ।


©2017 HRRP | All Rights Reserved

**HRRP अपडेट:**

- पौषको मध्यसम्ममा साझेदार संस्थाहरु र DLPIU का प्राविधिकहरुलाई लक्षित गरि आधा दिनको “मर्मत एवं भूकम्पीय प्रबलीकरण तथा मिश्रित संरचना सम्बन्धी अभिमूखिकरण कार्यक्रम” को आयोजना गरिनेछ ।

**बिबिध :**

- Habital for Humanity ले एक जना अति विपन्न व्यक्तिको जग्गा नगरपालिकाको सडकबाट २५ मिटरको दुरीमा अवस्थित भएको र सो व्यक्तिको जग्गा अन्यत्र कतैपनि नभएको अवस्थामा छ । लाभग्राहीहरुले निरन्तर रुपमा घर निर्माणका लागि अनुरोध गरेतापनि उक्त जग्गामा पुनर्निर्माणको काम हुन सक्दैन । प्राधिकरणले Habital for Humanity लाई अन्य अभिभावकको सहयोगमा जग्गा किन्न सुझाव दिनुभयो ।
- प्रबलीकरण कार्यले थप चुनौतीहरु ल्याएको छ । Arsow ले धनकुटा जिल्लामा प्रबलीकरण गर्दा लागत मूल्य ६ लाख भन्दा बढी पर्न गएकोले नयाँ घर बनाउन सजिलो हुने धारणा व्यक्त गरेका छन् । डकर्मीहरुले पनि प्रबलीकरण तालिममा आएर दिनको रु २००-३०० भत्ता प्राप्त गर्नुभन्दा भवन निर्माणबाट आउने पारिश्रमिक बढी हुने भएकोले तालिममा आउन रुचि नदिएको पाइयो ।


©2017 HRRP | All Rights Reserved

| S.N. | Attendees | Organization | Phone Number | Email |
|---|---|---|---|---|
| 1 | Uddhav KC | DCC Chair | 011-490246 | |
| 2 | Komal Dhamala | DCC | 011-490246 | |
| 3 | Dhruba Gaida | NRA Kavrepalanchok | 9851206233 | dgaida022@gmail.com |
| 4 | Lok Nath Regmi | MoFALD/DLPIU | 9851146403 | lok.reg@gmail.com |
| 5 | Maya Bade | DCC | 9841247677 | shresthamaya_363@hotmail.com |
| 6 | Kopila Gyawali | DoE/DLPIU | | |
| 7 | Bidur Timalsina | MoFALD/DLPIU | 9851017413 | timalsna.bidur@gmail.com |
| 8 | Pradeep Basnet | DUDBC/DLPIU | | bpradip2072@gmail.com |
| 9 | Smita Yogal | DUDBC/DLPIU | 9851210323 | smita238shrestha@gmail.com |
| 10 | Simraj Danuwar | Habitat for Humanity | 9851193897 | simrajdanuwar@habitatnepal.org |
| 11 | Pradip Dhakal | Caritas Nepal | | dhakalpradip3@gmail.com |
| 12 | Krishna B.K | ASF Nepal | 9851178789 | bishwakarmakrishna@gmail.com |
| 13 | Rama Timalsina | HELVETAS | 9841137724 | rama.timalsina@helvetas.org |
| 14 | Ashok Shrestha | Rotary Club | 9851122737 | ashok.rotarydh@yahoo.com |
| 15 | Ganesh Kumar Lama | Samaritans Purse | 9860686243 | glama@samaritan.org |
| 16 | Rikma Prasad Koirala | Love Green Nepal | 9851239806 | lgnearth@gmail.com |
| 17 | Kapil Pokharel | Prerana | 9851100552 | |
| 18 | Madhusudan Guragain | Reporter | 9851016465 | mguragain@gmail.com |
| 19 | Shiva Sekhar Chaudhary | Handicap International | 9860951365 | |
| 20 | Sunil Chaudhary | Samaritans Purse | 9840466668 | |
| 21 | Chattra Chaudhary | HRRP | 9815639002 | im.kavrepalanchok@hrrpnepal.org |
| 22 | Reshma Shrestha | HRRP | 9841264190 | reshma@hrrpnepal.org |


©2017 HRRP | All Rights Reserved